# बेलबारी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### शिक्षायुवातथा खेलकुदशाखा
बेलबारी, मोरङ

१ नं. प्रदेश,नेपाल

प.सं.०७७।०७८
च.नं. ४६५५

मिति:२०७८।०३।३१

**विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,**
**बेलबारी नगरपालिका, मोरङ ।**

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्र भित्र पछिल्लो समय बढदै गइरहेको कोभिड संक्रमण यथावत रूपमा नै रहेको बर्तमान अवस्थालाई मध्यनजर गर्दै पूर्ब सूचनामा नै सूचित गरी नगर भित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई विद्यालय वा सामुदायिक सिकाई केन्द्र निमार्ण गरी विद्यार्थीहरूलाई भौतिक रूपमा उपस्थित गराई अध्ययन अध्यापन नगर्ने नगराउने गरी पठनपाठन लगायतका भौतिक उपस्थितिमा हुने विद्यालयका सबै क्रियाकलापहरू स्थगन गरिएको ब्यहोरा अवगत नै छ । यस विषम परिस्थितिमा विद्यार्थीहरूको स्वास्थ्य सुरक्षा महत्वपूर्ण एवम् संवेदनशील विषय हो । कोभिड सङ्क्रमणको अवस्था निरन्तर रहेको वर्तमान अवस्थामा समेत नगरपालिका भित्रका केही विद्यालयहरूले विद्यार्थीहरूको भौतिक उपस्थितिमै टिउसन, कोचिङ कक्षाका नाममा कक्षा सञ्चालन गरिरहेको भन्ने गुनासो यस नगरपालिका शिक्षा शाखामा प्राप्त हुन आएकाले यदि कुनै विद्यालयले यसो गरिरहेको भए त्यसता कार्य नगर्न नगराउन हुन सूचित गरिन्छ । साथै कोभिड नियन्त्रणमा नआउन्जेल वा नेपाल सरकारबाट विद्यालयमा भौतिक उपस्थिति वा अन्य कुनै प्रकृयाबाट प्रत्यक्ष सिकाइका लागि अनुमति नहुन्जेलसम्मका लागि अनलाइन ( जुम,टिम्स,भर्चुअल कक्षा,ग्रुप म्यासेन्जर )विधि,सियुजी सिमको प्रयोग गरी फोनबाट शिक्षण, जस्ता उपायहरू अवलम्वन गरी विद्यार्थीको सिकाइलाइ निरन्तरता दिनहुन समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

३/३१

भुपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दसौं